राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३६ | २०८२ माघ १६ गते शुक्रबार | (Friday, 30 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### स्थानीय सरकारको प्रतिबन्धलाई कुरीकुरी

# विवादित सतलोक आश्रममा मधेशका मुख्यमन्त्री यादवको 'सुनपानी'



*मैले आश्रमको गतिविधि रोक्न निर्देशन दिएको छु । कार्यक्रम अथवा कुनै गतिविधि गर्न मौखिक लिखित कुनै अनुमति दिएको छैन । मुख्यमन्त्रीलाई पनि तपाई किन र कसरी जानुभयो भनेर पत्रकारहरुले प्रश्न गर्नोस् ।*


**–महेन्द्र महतो**, ***नगरप्रमुख मिथिला नगरपालिका, धनुषा***

000

*प्रतिबन्धको पत्र पाइसकेपछि हामीले मेयरसाबसँग समन्वय गरेका हौं । उहाँले बाहिर तामझाम नगरी भित्रभत्रै कार्यक्रम गर्नुस् भनेर भन्नुभको हो । मेयरसाबकै अनुसार हामीले कार्यक्रम गरेका हौं । यसपटक पर्चापम्पलेट बाँडेनौं ।*

**–केशव मैनाली**, ***उपाध्यक्ष पूर्णबह्म कविर उपासक समाज***





मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८२/०८३
चलानी नं.: [illegible]

मिति : २०८२/१०/०२

विषय :- निर्माण कार्य लगायत अन्य गतिविधी गर्न रोक्का सम्वन्धमा ।

श्री पूर्णवहम कविर उपासक समाज नेपाल,
सतलोक आश्रम,
नक्टाझिज, धनुषा ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने भनी उल्लेख भएको तथा गैर सरकारी संघसंस्थाहरुले नगरपालिकावाट अनुमति लिई मात्र आफ्ना गातिविधि गर्नुपर्ने कानुनी व्यवस्था रहेको उक्त कानुनी व्यवस्था विपरित श्री पूर्णवहम कविर उपासक समाज नेपाल, सतलोक आश्रमले निर्माण गरेको अनाधिकृत संरचना वनाउने लगायत अन्य गतिविधिहरु गरेको व्यापक जनगुनासो प्राप्त भएकोले सो कार्य यथाशिघ्र रोक्नु हुन अनुरोध छ ।

(महेन्द्र महतो)
प्रमुख

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय,धनुषा ।
श्री जिल्ला प्रहरी कार्यालय, धनुषा ।
श्री ईलाका प्रहरी कार्यालय, महेन्द्रनगर, धनुषा ।
श्री सशस्त्र प्रहरी वल सिमा सुरक्षा वेश क्याम्प, नक्टाझिज, धनुषा ।

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, माघ १५ गते ।**

धनुषाको मिथिला नगरपालिकाले प्रतिबन्ध लगाएको एक आश्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थितीले विवाद चर्किएको छ । स्थानीय सरकारद्वारा विवादित ठहर गर्दै प्रतिबन्ध लगाइएको मिथिला नगरपालिका-२ स्थित रहेको सतलोक(रामपाल) आश्रममा मंगलबार मुख्यमन्त्री यादवको उपस्थितिले राजनीतिक तथा प्रशासनिक वृत्तमा नयाँ बहस सुरु भएको छ । आश्रममाथि कानुनी, सामाजिक, सांस्कृतिक र प्रशासनिक प्रश्न उठिरहेका बेला विशाल भण्डाराको नाममा मुख्यमन्त्री स्वयं आश्रममा पुगेर 'सुनपानी' छर्किएको दृश्य सार्वजनिक भएपछि स्थानीय सरकारको निर्णयमाथि नै प्रश्न उठ्न थालेको हो ।

उक्त आश्रमलाई लिएर नगरपालिकाले यसअघि नै गतिविधि रोक्का गर्न निर्देशन दिएको थियो । आश्रम सञ्चालनले सामाजिक सद्भाव, सार्वजनिक शान्ति र स्थानीय नियम-कानुन उल्लंघन गरेको निष्कर्षसहित नगरपालिकाले गत माघ २ गते पूर्णबह्म कविर उपासक समाज नेपालद्वारा सञ्चालित सतलोक आश्रमको नाममा पत्र काट्दै आश्रमको गतिविधिमा प्रतिबन्ध लगाएको थियो ।

मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोले हस्ताक्षर गरेको उक्त पत्रमार्फत कानुन विपरीत आश्रमले निर्माण गरेको अनधिकृत संरचना बनाउने लगायत अन्य गतिविधिहरू यथाशीघ्र रोक्न निर्देशन दिइएको थियो । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने भनी उल्लेख छ । गैरसरकारी संघसंस्थाहरुले नगरपालिकाबाट अनुमति लिई मात्र आफ्ना गतिविधि गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ,' पत्रमा नगरप्रमुख महतोले भनेका छन् 'उक्त कानुनी व्यवस्था विपरीत गतिविधि गरेको व्यापक जनगुनासो प्राप्त भएकोले सो कार्य यथाशीघ्र रोक्न अनुरोध छ ।'

एलानी जग्गा कब्जा गरेर आश्रम बनाएको भन्दै पूर्वनिर्धारित समय अनुसार गत पुस २६ गते जग्गा नापजाँच गराउन आश्रम पुगेका स्थानीय र आश्रमका अनुयायीबीच झडप भएको थियो । त्यहाँ आश्रमबाट निस्केका अनुयायीहरुले स्थानीयमाथि

*- बाँकी पृष्ठ ३ मा*



*आश्रममा प्रतिबन्धको विषय तपाईंबाट पहिलोपटक सुन्दैछु । नगरपालिकाले प्रतिबन्ध लगाएको सन्दर्भमा मलाई कसैले जानकारी गराएन । के विषयमा विवाद हो त्यो मलाई जानकारी भएन । म अनुमगन गर्ने हिसाबले गको थिइनँ ।*

**–कृष्णप्रसाद यादव**, ***मुख्यमन्त्री मधेश प्रदेश***

000

*कुनै एनजीओ अथवा संस्थामा जानुअघि मुख्यमन्त्रीजस्तो व्यक्तिले त्यो संस्थाको विषयमा बुझ्नुपर्छ । म कहाँ जाँदैछु ? त्यसको ब्याकग्राउण्ड के हो ? जस्ता आधारभूत कुरा पनि नबुझ्नु पदीय गरिमालाई नजरअन्दाज गर्नु हो ।*

**–विजय कुमार महतो**, ***अध्यक्ष हिमालय युवा क्लव, नक्टाझिज***


# वडाध्यक्षले मेयरलाई सोधे स्पष्टिकरण

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, माघ १५ गते ।**

धनुषाको सबैला नगरपालिकाका एक वडाध्यक्षले आफ्नो नगरप्रमुखलाई स्पष्टिकरण सोधेको छ ।

वडा नं १ का वडाध्यक्ष मिथिला साहले नगरपालिकाभित्र सञ्चालित विकास निर्माणका कामको अवस्थाबारे नगर प्रमुख कारीराम यादवसँग स्पष्टिकरण मागेका छन् ।

वडाध्यक्ष साहले नगर प्रमुख यादवलाई सम्बोधन गरी पठाएको पत्रमा करारमा कार्यरत इन्जिनियर सितेष यादवमार्फत सम्पन्न तथा प्रगतिमा रहेका योजनाको विवरण माग गरिएको छ । पत्रअनुसार वडा नं. १ को कार्यालय भवन, मदन आश्रित आधारभूत विद्यालयको पक्की भवन तथा अन्य योजनाको कामकारबाही हाल कुन अवस्थामा छ भन्ने विषयमा कागजातसहित जानकारी पेश गर्न आग्रह गरिएको छ ।



सबैला नगरपालिका
०१ नं. वडा कार्यालय
सबैला धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
चलानी नः-[illegible]

मिति :२०८२/१०/१५

श्री नगर प्रमुख ज्यु
सबलै नगरपालिका, धनुषा

विषय : सपष्टिकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला धनुषा यस सबैला नगरपालिकामा करारमा कार्यरत इन्जिनियर सितेस यादवले न.पा. वडा नं. ०१ को कार्यालय भवन र मदन आश्रित आधारभुत विधालयको पक्कि भवन र अन्य योजनाको कामकारवाही के कस्तो अवस्थामा छ त्यसको जानकारी आउदो कार्यपालिकाको बैठकमा कागजपत्र सहित स्पष्टिकरण दिनुको लागि यहि पत्रबाट जानकारी गराइन्छ ।

मिथिला साह
वडा अध्यक्ष

आउँदो कार्यपालिकाको बैठकमा ती योजनासम्बन्धी स्पष्टिकरण प्रस्तुत गर्नुपर्ने पत्रमा उल्लेख गरिएको छ ।

विकास निर्माणका कामप्रति उठिरहेका प्रश्न र जनचासोलाई ध्यानमा राख्दै नगर प्रमुखमार्फत प्राविधिक पक्षबाट स्पष्ट विवरण मागिएको वडाध्यक्ष साह निकट स्रोतको भनाइ छ ।

## मधेश प्रदेशमा १८ माघमा सार्वजनिक बिदा

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १५ गते ।**

मधेश प्रदेश सरकारले १८ माघमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशंकरप्रसाद पालले बिहीबार विज्ञप्ती जारी गर्दै १८ माघमा सार्वजनिक बिदा दिने निर्णयबारे जानकारी गराएका हुन् । १६ मंसिरको मन्त्रिपरिषद् निर्णयानुसार १८ माघमा सार्वजनिक बिदा दिइएको विज्ञप्तिमा उल्लेख छ । मधेश प्रदेशलगायत देशभरिका दलित तथा सीमान्तकृत समुदायले विशेष श्रद्धा र भक्तिका साथ मनाउने रविदास जयन्ती (माघ पूर्णिमा) का अवसरमा प्रदेशभित्र बसोबास गर्ने उक्त समुदायको सम्मानस्वरूप बिदा दिने निर्णय भएको विज्ञप्तिमा छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# अपेक्षा र उपेक्षाको बिचमा मधेस

**राजेश विद्रोही**
**काठमाडौं, माघ १५ गते ।**
मधेस नेपालको दक्षिणी भूभागमा फैलिएको समथर भूभाग हो । यसले भौगोलिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक रूपमा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिएको छ । हिमाल, पहाड र मधेसको संयोजनबाट बनेको नेपालको यो क्षेत्र प्राकृतिक उर्वरता, जनघनत्व र सांस्कृतिक विविधताका कारण सधैँ चर्चामा रहँदै आएको छ । इतिहासदेखि वर्तमानसम्म मधेससँग राज्य, समाज र राष्ट्रप्रति धेरै अपेक्षा जोडिँदै आएका छन्, जसले यस क्षेत्रलाई बुझ्ने दृष्टिकोणलाई अझ गहिरो बनाएको छ ।

नेपालको इतिहास हेर्दा मधेस सधैँ कृषि उत्पादन, व्यापार, व्यावसायिक गतिविधि, संस्कृति र ज्ञानको केन्द्रका रूपमा रहेको देखिन्छ । तर समयक्रमसँगै मधेस र पहाडबिचको बुझाइमा दूरी बढ्दै गएको अनुभूति गरिएको देखिन्छ ।

यस लेखको उद्देश्य कुनै राजनीतिक धार वा सम्प्रदायलाई अघि बढाउनु वा भड्काउनु होइन, बरु इतिहास, संस्कृति र आपसी सम्मानका आधारमा साझा राष्ट्रिय निर्माणप्रति साझेदारिता देखाउनु हो ।

**मधेस शब्दको ऐतिहासिक अर्थ र विकास**

'मधेस' शब्द संस्कृतको मध्यदेशबाट विकसित भएको मानिन्छ । प्राचीन ग्रन्थहरूमा गङ्गा-यमुना क्षेत्र वरपरको भूभाग अर्थात् हिमाल र पहाडको दक्षिणतर्फ फैलिएको उर्वर समथर भूभागलाई मध्यदेश भनिन्थ्यो । यही शब्द बोलचालको समयक्रमसँगै भाषिक रूपान्तरण हुँदै 'मधेस'का रूपमा स्थापित भयो । लिच्छवी र मल्लकालका केही संस्कृत तथा नेपाली अभिलेखहरूमा 'मध्यदेश' वा त्यससँग सम्बन्धित उल्लेखहरू पाइन्छन् । तर आधुनिक अर्थमा नेपालको दक्षिणी तराई भूभागलाई औपचारिक रूपमा 'मधेस' भनेर चिनाउने चलन भने राणा शासनकालतिर मात्र विकसित भएको देखिन्छ ।

खासगरी १९औँ-२०औँ शताब्दीमा राणा शासनकालमा तराईलाई पहाडभन्दा अलग, सीमावर्ती र फरक सामाजिक क्षेत्रका रूपमा हेर्ने प्रशासनिक सोच बलियो बन्यो । यसरी भौगोलिक अर्थमा प्रयोग भएको शब्द पछि सामाजिक र सांस्कृतिक पहिचानसँग जोडिन पुग्यो । २००७ सालपछि नागरिकता, भाषा र समावेशीकरणका बहससँगै मधेस पहिचानको विषयका रूपमा स्थापित भयो । २०६३/६४ सालको मधेस आन्दोलनपछि 'मधेस' राष्ट्रिय राजनीतिक र सामाजिक विमर्शमा निर्णायक रूपमा प्रवेश गऱ्यो ।

**ऐतिहासिक र सांस्कृतिक योगदान**

मधेसको इतिहास वैदिककालसम्म फैलिएको छ । वैदिक कालमा विदेह वा मिथिला राज्य यही क्षेत्रमा अवस्थित थियो । राजा जनकको शासनकालमा दर्शन, शिक्षा र वैदिक चिन्तन उच्च उत्कर्षमा पुगेको देखिन्छ । सीता, याज्ञवल्क्यजस्ता ऐतिहासिक पात्रहरूले मधेसलाई धार्मिक, दार्शनिक र बौद्धिक चेतनाको केन्द्रका रूपमा स्थापित गरेका छन् । मिथिला संस्कृति, कला, साहित्य, लोकपरम्परा र शास्त्रीय दर्शनको निरन्तर विकासले मधेसलाई दक्षिण एसियाकै एक महत्वपूर्ण सांस्कृतिक भूभागका रूपमा चिनाएको छ ।

मध्यकालमा कर्णाट र सेन वंश तथा आंशिक रूपमा मुगल प्रभावअन्तर्गत रहेको मधेस हिमाली भेग र गङ्गा मैदानबिचको महत्वपूर्ण व्यापारिक सेतुका रूपमा विकसित भयो । नून, ऊन, अन्न, कपडा र हस्तकलाका सामग्रीको आदान-प्रदानले मधेसलाई आर्थिक मात्र होइन्, सामरिक, सामाजिक र सांस्कृतिक दृष्टिले पनि सबल बनायो । यस ऐतिहासिक प्रक्रियाले मधेसलाई नेपालको समग्र इतिहास र सभ्यताको अभिन्न अङ्गका रूपमा स्थापित गरेको छ ।

**सामाजिक, भाषिक र सांस्कृतिक विविधता**

मधेस नेपालकै सबैभन्दा घना जनसङ्ख्या भएको क्षेत्र हो । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेस प्रदेशको जनसङ्ख्या करिब ६१ लाख रहेको छ । यादव, कुर्मी, थारु, मुसहर, दुसाध, चमार, कोइरी, ब्राह्मण, राजपूतलगायत दर्जनौँ जातीय समुदायहरूको सहअस्तित्वले मधेसलाई सामाजिक रूपमा अत्यन्त विविध बनाएको छ ।

धार्मिक दृष्टिले यहाँ मुख्यतः हिन्दु र मुस्लिम समुदायको बाहुल्य रहेको छ, जसले धार्मिक सहिष्णुता र सहअस्तित्वको लामो परम्परा विकास गरेको छ । भाषिक रूपमा मधेस बहुभाषिक समाज हो ।

मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारु र उर्दू यहाँका प्रमुख मातृभाषाहरू हुन् । यी भाषाहरू केवल सञ्चारका साधन मात्र नभई मधेसी समाजको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरताका आधार हुन् तर लामो समयसम्म राज्य संरचनाभित्र यी भाषाहरूको औपचारिक मान्यता र प्रयोग सीमित रहँदा भाषिक असमानता र उपेक्षाको अनुभूति मधेसी समाजमा गहिरिँदै गएको देखिन्छ ।

सांस्कृतिक दृष्टिले छठ, समा-चकेवा, जुडशीतल, होली, ईद र मोहर्रमजस्ता पर्वहरूले मधेसको बहुसांस्कृतिक चरित्र र सामाजिक सहिष्णुतालाई प्रतिविम्बित गर्छन् । प्रकृतिप्रति सम्मान, पारिवारिक सम्बन्ध र सामुदायिक ऐक्यबद्धता यी पर्वहरूको साझा विशेषता हुन् । लोकगीत, लोकनृत्य र मौखिक परम्पराले पुस्तौंदेखि मधेसको सांस्कृतिक चेतनालाई जीवन्त राख्दै आएको छ । १८औँ शताब्दीमा गोरखा राज्यद्वारा नेपाल एकीकरण भएपछि मधेसलाई प्रायः सुरक्षा दृष्टिले संवेदनशील क्षेत्रका रूपमा हेरिएको ऐतिहासिक अनुभूति पाइन्छ ।

यसले कतिपय समयमा मधेसलाई राज्यको अभिन्न अङ्गभन्दा परिधिमा राखिएको जस्तो अनुभूति उत्पन्न गराएको छ । यही पृष्ठभूमिमा मधेसको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी राष्ट्रिय दृष्टिकोण विकास गर्नु आजको साझा आवश्यकता हो ।

**मधेस-पहाड सम्बन्ध : बुझाइको आवश्यकता**

मधेसलाई प्रायः नेपालको अन्न भण्डार भनिन्छ । धान, गहुँ, मकै, ऊखु, तरकारी र तेलहन

*- बाँकी पृष्ठ ३ मा*

# पर्सा निकुञ्जमा बाघ...

क्यामेराले १५ दिन र रातको समयमा बाघको गतिविधिलाई कैद गर्नेछ । जसबाट आउने तथ्यांकबाट बाघको गणना गर्न सकिनेछ ।' पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले पर्सा निकुञ्जभित्र पर्ने विभिन्न १२ स्थानमा क्याम्प राखेर बाघ गणनाको काम अघि बढाइएको बताए । क्याम्पमा रहेका टोलीका सदस्यले क्यामेरा जडानदेखि निगरानी लगायतका काम गर्नुपर्नेछ । भाट्ठाको दुई ठाउँमा क्याम्प गराइनेछ । त्यसैगरी शीतलपुर, महादेवपट्टि, अमलेखगञ्ज, चुरियामाई, रातोमाटे, सहजनाथ, निजगढ, चपुर, घोडेमसान, तामागढी लगायतमा सात-सात जनाको टोली खटिएर ३२८ जोडी स्वचालित क्यामेरा जडान गरेर बाघको निगरानी गरिनेछ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा गत पुस ३ गतेदेखि सुरु भएको थियो । चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा गणेश पन्तले चितवन र पर्साको पहिलो र दोस्रो खण्डको बाघ गणनाको काम सकेर क्यामेरा निकालिसकेको बताए । 'एक खण्डमा बाघको गणना गर्न राखेको स्वचालित क्यामेरा १५ दिन र रात राखेपछि आवश्यक प्रक्रिया पूरा गरेर निकाल्ने गरिन्छ,' उनले भने, 'क्यामेरा जडान गर्न र निकाल्नका लागि औसतमा दुई-तीन दिन लाग्ने गर्छ ।' स्वचालित क्यामेरा ४० देखि ६० सेन्टिमिटरमा राख्ने गरिन्छ । उनले बाघ गणनाका लागि सरिक हुने गणकहरुले आफ्नो सुरक्षामा कुनै पनि खालको कमीकमजोरी नगर्नका लागि अनुरोध गर्दछु ।' उनले पहिलो र दोस्रो खण्ड बाघ गणनाका क्रममा जङ्गली हात्ती तथा बाघको कारणले २४ वटा क्यामेरामा क्षत पुगेको जानकारी दिए । निकुञ्जका अनुसार पहिलो र दोस्रो खण्डमा गरेर एक हजार २०४ जना स्वचालित क्यामेरा प्रयोग गरिएको थियो । संरक्षण अधिकृत हेमराज आचार्यका अनुसार एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर बाघ गणना गरिँदै आइरहेको छ । क्यामेरा दुई-दुई वर्गकिलोमिटरको दूरीमा राख्ने गरिन्छ । हरेक चार वर्षमा बाघ गणना गरिँदै आइएको छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी हुने गर्छन् । बाघको तस्बीर हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याउने गरिन्छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनाअनुसार नेपालमा ३५५ वटा बाघ रहेको तथ्यांक सार्वजनिक गरिएको थियो । चितवन राष्ट्रिय निकुञ्जमा १२८ र पर्सा राष्ट्रिय निकुञ्जमा ४१ बाघ भेट्टिएको थियो । बाँकी अन्य ठाउँमा भेट्टिएका थिए । रासस

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

## राशिफल

मेष - केही दौडधुप गर्नुपर्ला ।
वृष - काम बिग्रन सक्छ ।
मिथुन - परिवर्तन गर्न सकिनेछ ।
कर्कट - साथ दिनेहरू बढ्नेछन् ।
सिंह - आत्मीयता बढ्नेछ ।
कन्या - काममा अग्रसर भइनेछ ।
तुला - अभाव देखा पर्न सक्छ ।
वृश्चिक - असमझदारी बढ्न सक्छ ।
धनु - काममा फाइदा हुनेछ ।
मकर - आनन्द प्राप्त हुनेछ ।
कुम्भ - उत्साह जगाउनेछ ।
मिन - काम लिनुपर्ने समय छ ।

# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

*तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/१५ गते*

उपरोक्त सम्बन्धमा यस पिपरा गाउँ कार्यपालिका न्यायिक समितिकोको मिति २०८२/०६/२३ गतेको निर्णय अनुसार आ.व. २०८२/०८३ देखि आगामी ५ पाँच वर्षको लागि तपशिलमा उल्लेखित ठेक्का नं. र वडाहरुमा रहेका सार्वजनिक पोखरीहरुमा माछा पालनको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले विगतको ठेक्का पट्टा सम्बन्धि गा.पा.लाई तिर्नुपर्ने बाँकी बक्यौता रकम नरहेका इच्छुक व्यक्ति, संघ संस्था लगायत सरोकारवालाहरुले प्रति ठेक्काको लागि बोलपत्र फाराम वापत रु. १,०००।- (एक हजार मात्र फिर्ता नहुने गरी) नगर्दै राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गरि तोकिएको शर्तको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिनसम्म खरिद गर्न सकिने तथा १६ (सोही) दिन दिनको १:०० बजेसम्म छुट्टाछुट्टै ठेक्का नं. को सिलबन्दी बोलपत्र दर्ता गराउनु हुन र रितपूर्वक दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० बजे खोलिने सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना, वडा नं. | न्यूनतम मूल्य ५ वर्ष | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | देवान पोखरी | १ | १८५०००० /- | ५ (पाँच वर्ष) |
| २ | २/२०८२/०८३ | धोवियाही पोखरी | २ | ५४७४७९/- | |
| ३ | ३/२०८२/०८३ | देवीस्थान पोखरी | ४ | ५४६७५०/- | |
| ४ | ४/२०८२/०८३ | मेजरा पोखरी | ४ | २१००१११/- | |
| ५ | ५/२०८२/०८३ | पैनपिवी पोखरी | ५ | १८९५४०४/- | |
| ६ | ६/२०८२/०८३ | डबरा ठूलो र सानो | ५ | ७२९७६९/- | |
| ७ | ७/२०८२/०८३ | हथियाही पोखरी | ५ | २५७१७४८१- | |
| ८ | ८/२०८२/०८३ | बौना पोखरी | ६ | ३४६२७५।- | |
| ९ | ९/२०८२/०८३ | हाथि पोखरी | ६ | ३८४७४८३।- | |
| १० | १०/२०८२/०८३ | तिलका पोखरी | ७ | ७३२६४५/- | |
| ११ | ११/२०८२/०८३ | पुरनी पोखरी | ७ | २२४१६७५/- | |

**नोट :** यस सूचना सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नु होला ।

*नि.प्रमुख प्रशासकीय अधिकृत*

# विवादित सतलोक आश्रममा मधेशका...

अन्धाधुन्ध लाठी बर्साएका थिए । उक्त झडपमा आधा दर्जन बढी स्थानीय घाइते भएका थिए । त्यसपछि आक्रोशित बनेका स्थानीयहरू जनकपुर-ढल्केवर सडक खण्डमा चक्काजाम गरेका थिए । त्यसक्रममा आश्रमबाट निस्केको एम्बुलेन्समा सवार घाईते भनिएका अनुयायीलाई स्थानीय प्रदर्शनकारीहरुले थुतेका थिए । स्थितीलाई नियन्त्रणमा लिन र अवरुद्ध सडक खुलाउन प्रहरीले १६ सेल अश्रुग्याँस प्रहार गरेका थिए । त्यसपछि नगरपालिकाले आश्रमको गतिविधिमा प्रतिबन्ध लगाएको थियो । तर उक्त प्रतिबन्ध कायम रहँदाकै अवस्थामा प्रदेश सरकारका प्रमुख कार्यकारीको रुपमा रहेका मुख्यमन्त्री यादवको उपस्थिति र सक्रियताले स्थानीय सरकारको अधिकार र निर्णय कमजोर बनाइएको आरोप उठ्न थालेको छ ।

स्थानीय हिमालय युवा क्लवका अध्यक्ष विजय कुमार महतो विवादित आश्रममा मुख्यमन्त्रीजस्तो जिम्मेवार पदस्थले सुनपानी छर्किनुले गम्भिर प्रश्न उब्जिएको टिप्पणी गरे । 'आश्रमले त्यत्रो विवाद निम्त्यायो । नगरपालिकाले पनि आश्रमको गतिविधिहरुमा प्रतिबन्ध लगाएको छ । त्यस्तो अवस्थामा त्यहाँ मुख्यमन्त्रीको आगमनले शंकैशंका उब्जाएको छ,' अध्यक्ष महतोले भने 'कुनै संस्थामा जानुअघि मुख्यमन्त्रीजस्तो व्यक्तिले त्यो संस्थाको विषयमा बुझ्नुपर्छ । म कहाँ जाँदैछु ? त्यहाँ के छ ? त्यसको ब्याकग्राउण्ड के हो ? जस्ता आधारभूत कुरा पनि नबुझ्नु पदीय गरिमालाई नजरअन्दाज गर्नु हो । त्यसमा मुख्यमन्त्रीज्यू चक्नुभयो । स्थानीयहरुको भावनामाथि खेलवाड भएको हाम्रो ठहर छ ।'

ऐलानी जग्गा कब्जा गरेर बनाइएको आश्रममा विभिन्न प्रलोभन दिएर धर्म परिवर्तन गराउने फण्डा सञ्चालन गरिरहेको उनको आरोप छ । 'आश्रमभित्र हिन्दु संस्कारविरुद्ध अनुयायीहरुलाई अभिप्रेरित गर्छन् । आफ्नै आमाबुबाको क्रियाकर्ममा सहभागी हुँदैनन् । उनीहरुले देखावटीका लागि सीताराम जप्छन् । भित्र कुरो अर्कै छ । संस्थाको कुनै पार्दर्शीता छैन', अध्यक्ष महतो भन्छन् 'आश्रमले ऐलानी जग्गा छाड्नुपर्छ । विधि, प्रक्रिया र कानूनभन्दा बाहिर जाने छुट कसैलाई छैन ।'

पूर्णबह्रम कविर उपासक समाज नेपालका केन्द्रीय उपाध्यक्ष केशव मैनाली नगरप्रमुख महेन्द्र महतोकै समन्वयमा आश्रममा कार्यक्रम र अन्य गतिविधिहरु गरिएको दावी गरे । 'प्रतिबन्धको पत्रबारे अवगत छ । त्यो पत्र पाइसकेपछि हामीले मेयरसाबसँग समन्वय गरेका हौं । उहाँले बाहिर तामझाम नगरी भित्रभत्रै कार्यक्रम गर्नुस् भनेर भन्नुभको हो,' उपाध्यक्ष मैनालीले भने 'मेयरसाबकै अनुसार हामीले कार्यक्रम गरेका हौं । बाहिर कुनै तामझाम भएन । यसपटक पर्चापम्पलेट पनि बाँडेनौं । पूर्वनिर्धारित कार्यक्रम अनुसार आश्रममा मुख्यमन्त्रीज्यूको आगमन भएको हो ।' आफूहरु विशुद्ध सनातनी रहेको दावी गर्दै उपाध्यक्ष मैनालीले आश्रममा गीता र पूराणको विकल्पको विषयमा कल्पना समेत नगरेको जिकिर गरे । 'हामी सनातनी हौं । संस्था पूर्णरुपले पार्दर्शी छ । एकएक हिसाब राखेका छौं,' उपाध्यक्ष मैनालीले भने 'नेपालभित्रै हाम्रो दुईलाख अनुयायी सदस्यहरु छन् । सबैले एक-एक रुपैया दिएपनि दुईलाख हुन्छ । हाम्रो भगत बाहेक कसैको सहयोग लिदैनौं । भगत बाहेकको हामीलाई कुनै फन्डिङ छैन ।'

हिन्दु सम्राट सेना भनाउँदाहरुले आश्रमलाई अनावश्यक विवादमा तानेको उनको जिकिर छ । नगरपालिकाले लगाएको प्रतिबन्ध अबको १५ दिनभित्र फुकुवा हुने उपाध्यक्ष मैनालीले दावी गरे ।

मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतो भने आश्रममा कार्यक्रम गर्न आफूले कुनै अनुमति नदिएको दावी गर्छन् । 'मैले आश्रमको गतिविधि रोक्न निर्देशन दिएको छु । कार्यक्रम अथवा कुनै गतिविधि गर्न मौखिक लिखित कुनै अनुमति दिएको छैन । गतिविधि रोक्ने विषयमा सिडियो, एसपी, इलाका प्रहरी सबै जानकार छ । सबैलाई पत्र बोधार्थ गरेका छौं,' नगरप्रमुख महतोले भने 'उहाँहरुलाई प्रश्न गर्ने काम पत्रकारको हो । मुख्यमन्त्रीलाई पनि तपाई किन र कसरी जानुभयो भनेर तपाईहरु प्रश्न गर्नोस् ।'

यता, मुख्यमन्त्री कृष्णप्रसाद यादव आश्रमको गतिविधिमा नगरपालिकाले रोक लगाएको विषय आफूलाई जानकारीमा नरहेको उल्लेख गरे । 'आश्रममा प्रतिबन्धको विषय तपाईंबाट पहिलोपटक सुन्दैछु । नगरपालिकाले प्रतिबन्ध लगाएको सन्दर्भमा मलाई कसैले जानकारी गराएन,' द पब्लिक टुडेसँग कुराकानी गर्दै मुख्यमन्त्री यादवले भने 'त्यहाँ विवादित विषय केही देखिएन । शान्तिपूर्ण वातावरणमा प्रवचन भइरहेको थियो । अनुयायीहरुले नै सीताराम जपिरहेको देखें । भगवानकै कुराहरु भइरहेको थियो । अरु के विषयमा विवाद हो त्यो मलाई जानकारी भएन । म अनुगमन गर्ने हिसाबले गको थिइनँ ।' नगरपालिकाले प्रतिबन्ध लगाएको विषयमा आफूले गम्भिरताका साथ बुझ्ने मुख्यमन्त्री यादवले बताए ।

मुख्यमन्त्रीको आश्रम भ्रमणलाई आश्रमका अनुयायीहरुले 'धार्मिक आस्थाप्रति सम्मान' र 'सामाजिक सद्भावको सन्देश' का रूपमा व्याख्या गरेका छन् । तर आश्रमको गतिविधिले शसंकित स्थानीयहरुले भने यसलाई स्थानीय सरकारको निर्णयमाथि हस्तक्षेप, राजनीतिक स्वार्थ र शक्ति प्रदर्शनको रुपमा केरकार गरिरहेका छन् । विवाद समाधान नहुँदै प्रदेश नेतृत्व स्वयं आश्रममा पुग्नु गलत सन्देश भएको उनीहरुको टिप्पणी छ ।

मिथिला नगरपालिकाका एक कार्यपालिका सदस्यले नाम उल्लेख नगर्ने शर्तमा भने, 'हामीले नगरपालिकाबाट कानुनी प्रक्रिया पूरा गरेर प्रतिबन्ध लगाएका हौं । तर माथिल्लो तहका नेताबाटै यस्तो गतिविधि भएपछि हाम्रो निर्णय कार्यान्वयनमा कठिनाइ आएको छ । यो नगरपालिकामाथि भद्दा मजाक भयो ।'

सतलोक आश्रममा भारतमा जेल जीवन बिताइरहेका रामपालको पूजा आराधना हुँदै आएको स्थानीयहरु बताउँछन् । त्यसका लागि नेपालका विभिन्न ठाउँसहित भारतबाट समेत अनुयायीहरु यहाँ आउने गरेको उनीहरुको भनाइ छ । आश्रमले नियमित रुपमा विशाल भण्डारा गर्दै आईरहेको छ ।

# अपेक्षा र उपेक्षाको बिचमा...

उत्पादनमा मधेसको योगदान उल्लेखनीय छ । साथै, उद्योग, व्यापार, भन्सार र राजस्व सङ्कलनमा पनि मधेसको भूमिका महत्वपूर्ण छ । यति ठूलो योगदानका बाबजुद विकासका अवसर र पहुँच सबै क्षेत्रमा समान नभएको अनुभूति समाजमा देखिन्छ । यो अवस्था कुनै एक क्षेत्रको मात्र होइन्, समग्र राष्ट्रकै साझा चुनौती हो । जसको समाधान समावेशी विकास र सन्तुलित नीतिमार्फत मात्र सम्भव छ । नेपाल राज्य निर्माणको क्रममा विभिन्न भूगोल र समाजबिच फरक-फरक अनुभवहरू छन् । कतिपय अवस्थामा यी फरक अनुभवहरूले गलत बुझाइ जन्माएका छन् । मधेस र पहाडलाई फरक-फरक होइन्, पूरक भूगोल र संस्कृतिका रूपमा बुझ्न सकिए मात्र आपसी विश्वास बलियो हुन्छ । 'मधेसी', 'पहाडी', 'हिमाली'- यी सबै पहिचानहरू नेपाली राष्ट्रियताको साझा आधार हुन् । समस्या शब्दमा होइन्, ती शब्द प्रयोग गर्दा अपनाइने दृष्टिकोणमा हुन्छ । सम्मान र समावेशी सोचले मात्र दूरी घटाउन सक्छ । सङ्घीय संरचनाले स्थानीय पहिचान, भाषा र आवश्यकतालाई सम्मान गर्दै शासन प्रणालीलाई नागरिक नजिक लैजाने उद्देश्य राखेको छ । सङ्घीयताको सफलताका लागि अधिकार, जिम्मेवारी र स्रोतको सन्तुलित प्रयोग आवश्यक छ । यसले मधेस, पहाड र हिमालबिच सहकार्य र विश्वास बढाउन सक्छ । संविधानले समावेशीता, मातृभाषा, समान अवसर र सामाजिक न्यायका आधारहरू स्थापित गरेको छ । अब चुनौती भनेको यी मूल्यहरूलाई व्यवहारमा उतार्नु हो ।

**अन्य देशका अनुभव र नेपालका लागि सन्देश**

विश्वका धेरै देशहरूले विविधतालाई स्वीकार गरेर राष्ट्रिय एकता बलियो बनाएका छन् । जहाँ पहिचान दबाइयो, त्यहाँ द्वन्द्व बढ्यो, जहाँ संवाद र सम्मानलाई प्राथमिकता दिइयो, त्यहाँ समाज स्थिर रह्यो । नेपालका लागि पनि यही पाठ सान्दर्भिक हुनसक्छ । मधेस नेपाल बाहिरको वा परिधिमा रहेको भूभाग होइन-यो नेपालको मुटु हो । मधेसलाई बुझ्नु भनेको नेपाललाई बुझ्नु हो । इतिहास, संस्कृति, श्रम र सहिष्णुताको साझा विरासतलाई सम्मान गर्दै अघि बढ्नसके मात्र नेपाल साँचो अर्थमा समावेशी, सुदृढ र आत्मविश्वासी राष्ट्र बन्न सक्छ । यसर्थ मधेस-पहाडबिचको मनोवैज्ञानिक विभाजन घटाउने उपाय राजनीतिभन्दा बढी मानवीय समझदारी, ऐतिहासिक चेतना र आपसी सम्मानमा निहित छ । वैदिककालदेखि आधुनिक राज्य निर्माणसम्म मधेसले दिएको योगदान कृषि, व्यापार, ज्ञान, संस्कृति र अर्थतन्त्रका हरेक तहमा स्पष्ट देखिन्छ तर ऐतिहासिक बुझाइको दूरी, राजनीतिक केन्द्रीकरण र भाषिक-सांस्कृतिक उपेक्षाले मधेसी समाजमा असमानताको अनुभूति गहिरिँदै गएको यथार्थलाई नकार्न सकिँदैन । रासस

## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

### आन्तरिक आय संकलन सम्बन्धी हाट बजार ठेक्काको खुल्ला डाँक बढाबढ सम्बन्धी सूचना

*(दोस्रो पटक प्रकाशित मिति २०८२।१०।१५)*

पिपरा गाउँपालिकाको मिति २०८२।०७।२७ गतेको कार्यपालिका बैठकको निर्णयानुसार पिपरा गा.पा.-४ स्थित पिपरा हाट बजारको जिर्ण रहेको टहराहरु तथा अवैध संरचनाहरु हटाउनु पर्ने भएको हुँदा तपशिलको शर्तको अधिनमा रही खुल्ला डाँक बढाबढबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुलाई उक्त प्रक्रियामा भाग लिनका लागि निम्न मिति, स्थान र समयमा उपस्थित हुन ७ (सात) दिने यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| क्र.सं. | हाट बजारको नाम | वडा नं. | न्यूनतम कबोल अंक मु.अ.कर समेत रु. |
|---|---|---|---|
| १ | पिपरा हाट बजारको जिर्ण रहेको टहराहरु तथा अवैद्य संरचनाहरु | ४ | २,००,०००/- (दुई लाख मात्र) |

**शर्तहरु :**

१. खुल्ला डाँक बढाबढ प्रक्रियाका लागि आव्हान गरिएको सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिन मिति २०८२।१०।२१ गते दिनको १ बजे पिपरा गाउँपालिकाको कार्यालयमा डाँक बढाबढ हुनेछ ।
२. गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा गाउँपालिकाको पेश्की बाँकी रकम वा नगदी जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।
३. न्यूनतम ठेक्का रकम भन्दा सबैभन्दा बढी ठेक्का रकम कबोल गर्नेलाइ ठेक्का स्वीकृत गर्ने छ ।
४. डाँक सकार गर्नेले कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम आफूले कबोल गरेकै बखत सोही ठाउँमा धरौटी वापत नगदै दाखिला गर्दै जानु पर्नेछ र सो रकमलाइ डाँक सकार गर्नेको कार्यालयले धरौटी खातामा जम्मा गरी दिनेछ । तर बाँकीको हकमा प्रक्रिया पुरा भए पश्चात सम्बन्धीत व्यक्ति, फर्मलाई नगदै फिर्ता दिनेछ ।
५. डाँक सकार भए पश्चात सकार रकम एकमुष्ठ पिपरा गा.पा. को राजश्व शाखामा दाखिला गर्नु पर्नेछ र रकम दाखिला पश्चात मात्रै घर टहरा र अवैध संरचना हटाउन कार्यादेश दिइनेछ ।
६. डाँक प्रक्रियामा सहभागी व्यक्तिले नागरिकता वा परिचय खुल्ने कागजात सम्भव भएसम्म व्यक्तिगत प्यान नं. तथा फर्म र कम्मनी, संस्थाको हकमा दर्ता प्रमाण पत्र तथा नविकरण, करचुक्ता लिइ आउनु पर्नेछ ।
७. कार्यालयले समय-समयमा दिईएको निर्देशनको पालना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ ।
८. ठेक्का स्वीकृत भए पश्चात ठेकेदारले कुनै कारण देखाई मिनाहा माग गरेमा यस कार्यालयबाट मिनाहा हुने छैन ।
९. ठेक्का सम्बन्धी कुनै किसिमको झै-झगडा वा मतभिन्ता भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
१०. ठेकेदारले १५ दिन भित्र जिर्ण टहराहरु तथा अवैध समान हटाउनु पर्ने छ । विभिन्न कारण देखाई ठेक्का रद्द गर्न चाहेमा सो ठेक्का रद्द हुने छैन ।
११. यस सुचनामा उल्लेखित शर्तहरुको हकमा सोही बमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुनेछ ।

*नि.प्रमुख प्रशासकीय अधिकृत*


**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**

९८०२३३२८८०, ९८१४८३५५४२, ९८१२०४८५६६

thepublictoday2070@gmail.com



"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**

वरिष्ठ डेन्टल सर्जन

BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# धनुषामा खगेन्द्र सुनारको पुत्ला दहन



**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, माघ १५ गते ।**
धनुषामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता खगेन्द्र सुनारको पुत्ला दहन गरिएको छ । सुनारले गाई काटेर खान पाउनुपर्ने भनी अभिव्यक्ति दिएको आरोप लगाउँदै सनातनी पक्षधर स्थानीयहरुले बिहीबार धनुषाको विरेन्द्रबजारमा विरोध प्रदर्शन गर्दै पुत्ला दहन गरेको हो ।
रास्वपाका केन्द्रीय सदस्य तथा बाँके-३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत रहेका सुनारले हालै सार्वजनिक सञ्चारमाध्यममार्फत 'यदि खसी (मटन) खान पाइन्छ भने गाई काटेर खान पनि पाउनुपर्छ' भन्ने आशयको अभिव्यक्ति दिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि विरोध चर्किएको हो ।
उक्त अभिव्यक्तिको विरोधस्वरूप पुत्ला दहन गरिएको स्थानीय पुरुषोत्तम सापकोटाले जानकारी दिए । उनका अनुसार सुनारको भनाइले धार्मिक तथा सामाजिक भावनामा चोट पुगेको भन्दै विरोध जनाएको हो । पुत्ला दहन गर्दै प्रदर्शनकारीहरुले सनातन संस्कृतिको जय होस्, गौ माताको संरक्षण गरौं, हिन्दु राष्ट्र कायम गर, राष्ट्रघाती खगेन्द्र सुनार मुर्दावाद, युरेपेली युनियन मुर्दावाद जस्ता चर्को नाराबाजी गरेका थिए ।
यद्यपि, खगेन्द्र सुनारले भने उक्त अभिव्यक्तिलाई खण्डन गरिसकेका छन् । उनले आफ्नो फेसबुकमार्फत भिडियो सन्देश सार्वजनिक गर्दै आफूले नबोलेको विषयलाई तोडमोड गरी विपक्षीहरूले दुष्प्रचार गरेको दाबी गरेका छन् ।

# दुर्गानन्द झालाई राष्ट्रिय विभूति घोषणा गर्न माग

**जनकपुरधाम, माघ १५ गते ।**
प्रथम गणतन्त्रवादी शहिद दुर्गानन्द झालाई राष्ट्रिय विभूति घोषण गर्न माग गरिएको छ । शहीद दुर्गानन्द स्मारक संरक्षण समितिद्वारा जनकपुरधाम २३ सोनामाई स्थानस्थित शहिद दुर्गानन्द स्मारकमा बिहीवार आयोजित ६२ औं बलिदान दिवसको अवसरमा उक्त माग गरिएको हो ।
मधेस प्रदेशका सभामुख रामआशिष यादवले अमर शहिद दुर्गानन्द झा प्ररेणाका स्रोत केन्द्र रहेकोले उहाँको योगदान, देश र जनताको हितमा खेलेको अहम भूमिकाबारे अभिलेखालय स्थापना गर्न गराउन विशेष आग्रह गरे । उनले दुर्गानन्द झाका सहयात्री क्रान्ति वीर महामना राजेश्वर नेपालीको अथक प्रयासवाट दुर्गानन्द झाको पूर्णकदको सालिकप्रति आभार प्रकट गरेको छ ।



पूर्वमन्त्री जुलीकुमारी महतोले गङ्गालाल, धर्मभक्त, दशरथचन्द र शुक्रराजले राणाशासनविरुद्धको आन्दोलन गर्दा राजाले सहयोग गरेका थिए तर गणतन्त्रका प्रथम शहिद दुर्गान्द झाले राजतन्त्र समाप्तिका लागि बलिदान दिएकाले उहाँलाई गणतन्त्रका प्रथम शहिद मानिएको जिकिर गरिन् । स्मारक समितिको अध्यक्ष तथा वडाध्यक्ष राघवेन्द्र साहले शहिद झाको प्रेरणाप्रद बलिदानमाथि बृहत प्रकाश पारे । वरिष्ठ पत्रकार श्रीनारायण साहले शहीद झालाई राष्ट्रिय विभूति घोषणा गर्न माग गरे । कार्यक्रममा प्रा. रमेशकुमार साह, सीमञ्चल दैनिकका सम्पादक उपेन्द्र भगत नागबंशी, डा. शम्भु साह, सरफुदीन राइन, सफिकुल्ला राईन, वडा सदस्य विभादेवी ठाकुर, सकुन्ती देवी महरा, मोहिनुदीन राईन, पूर्ववडासदस्य कैलाश साह, देवेन्द्र महतो, सन्तोष चौधरी, गुलाव साहलगायतका वक्ताहरुले विचार व्यक्त गरेका थिए ।
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले दुर्गानन्द झाको योगदानलाई कदर गर्दै उनको अहम भूमिका र योगदानको चर्चा गरे । गङ्गासागरको पूर्वी डिलमा योग शिविरको आयोजना गरिएको थियो । त्यसैगरी धनुषाको जटहीस्थित शहिद झा प्रवेशद्वारमा नेकपा (एमाले) की नेतृ जुलीकुमारी महतो र नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले छुट्टाछुट्टै कर्यक्रम गरी बलिदान दिवस मनाएको हो । रासस

# पर्सा निकुञ्जमा बाघ गणना थालियो

**वीरगञ्ज, माघ १५ गते ।**
चितवन र पर्सा राष्ट्रिय निकुञ्जको तेस्रो खण्ड (ब्लक) मा बाघको गणना आजदेखि थालनी गरिएको छ । यसअघि चितवन र पर्साको दुई खण्डमा बाघको गणना गरेपछि तेस्रो खण्डमा गणना गर्न सुरुवात गरिएको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले चितवन-पर्सालाई तीनवटा ब्लकमा बाँडेर बाघ गणना गरिँदै आइरहेको जानकारी दिए । 'चितवन-पर्सा राष्ट्रिय निकुञ्जमा तीन ब्लकमा बाँडेर बाघ गणनाको काम भइरहेको छ,' उनले भने, 'चितवन-पर्सा क्षेत्रमा दुई खण्डमा बाघको गणनाको काम सकिएको छ । तर त्यसको डाटा प्रशोधनलगायतका काम भने अझैँ बाँकी नै छन्,' उनले भने, 'चितवन-पर्साको तेस्रो खण्डको काम गर्नका लागि विभिन्न स्थानमा स्वचालित क्यामेरा जडानको काम अघि बढेको छ । क्यामेरा जडान कार्य शनिबारसम्म चल्नेछ ।'
क्यामेरा जडान गरिसकेपछि १५ दिन र रातको समयमा बाघको 'मुभमेन्ट'लाई निगरानी गरिनेछ । क्यामेरामा 'रेकर्ड' भएको बाघको गतिविधिका आधारमा बाघको संख्या यकिन गरिनेछ ।
वरिष्ठ इकोलोजिष्ट आचार्यले चितवन र पर्साको पहिलो र दोस्रो खण्डमा देखिएका सबल र दुर्लभ पक्षलाई मध्यनजर गर्दै अझै व्यवस्थित ढङ्गले सबै निकायसँग समन्वय गरेर बाघ गणनाको काम अघि बढाउन निर्देशन दिए । 'पहिलो र दोस्रो खण्डमा देखिएका जटिलता र चुनौतीलाई ध्यान दिँदै सरोकारवाला निकायबीच समन्वय र सहकार्य गरेर बाघ गणना कार्यलाई प्रभावकारी ढङ्गले अघि बढाउनुहोला,' उनले भने, 'बाघ गणनाका लागि स्वचालित क्यामेरा जडानलगायतका कार्यमा पनि संवेदनशील र सुरक्षित उपाय अवलम्बन गर्न जरुरी छ । सोतर्फ ध्यान दिन अनुरोध गर्दछु ।'
पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले तेस्रो खण्डको बाघ गणना गर्न १२ क्याम्पबाट सात-सात जनाको टोली खटाइएको जानकारी दिए । 'तेस्रो भागको बाघ गणना गर्नका लागि यहाँ सात-सात जनाको टोलीले बाघ आउजाउ र हिँड्डुल गर्ने ठाउँलाई लक्षित गरेर ३२८ जोडा स्वचालित क्यामेरा जडान गरिनेछ,' उनले भने, 'ती स्वचालित

- *बाँकी पृष्ठ २ मा*

# डाँका चोरीमा संलग्न तीनजना प्रहरीको फन्दामा

**रामबाबु यादव**
**गौशाला, माघ १५ गते ।**
महोत्तरीबाट डाँका चोरीमा संलग्न तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरूमा गौशाला-१२ का १८ वर्षीय निर्मल साह सोनार, अन्दाजी १८ वर्षीय नितेश कुमार कुशवाहा र १८ वर्षकै मनिष राम रहेको प्रहरीले जनाएको छ ।
बुधबार राति करिब ८:३० बजेको समयमा महोत्तरीको गौशाला नगरपालिका १२ पडरियाका विशेश्वर सिंह कुशवाहा सवार ज ५ प ४३२४ नम्बरको डिस्कभर मोटरसाइकललाई तीन जनाको समूहले रोकी पछाडिबाट फलामको रडले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएको प्रहरीले जनाएको छ । घटनापछि उनीहरूले विशेश्वर सिंह कुशवाहाको मोटरसाइकल र एक थान मोबाइल फोन डाँका गरी फरार भएका थिए । घटनाको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय गौशाला मातहत प्रहरी चौकी कान्तिबजार र इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा बिहीवार बिहान करिब १० बजे गौशाला नगरपालिका-१२ र सर्लाहीको सिमानामा रहेको जंगलबाट लुकिछिपी बसेका तीनै जनालाई पक्राउ गरेको प्रहरीले जनाएको हो । पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय गौशालामा राखी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री